**प्रश्न नं. ३७**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.४३९२ देखि ४५१३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

राजनथापाको जाहेरीले नेपाल सरकार
बिरुद्ध
कास्की जिल्ला पोखरा म.न.पा. ६बस्ने सजंय गुरूङ

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- २०७५।८।१ गते राती पोखरा ६ बैदाममा मेरो भाई बरुण थापालाई संजय गुरुङ्ग र दिपक थापा समेतले हेलमेट, ढुङ्गामुडा समेतले प्रहार गरी घाईते बनाएका र उपचार हुदाँहुदै मृत्यु भएको हुदाँ कर्तव्य ज्यान मुद्दामा कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको राजन थापाले जिल्ला प्रहरी कार्यालय कास्कीमा दिएको जाहेरी दरखास्त ।
- मृतक बरुण थापाको निधारको बिच भागमा १.५ इन्च लामो निलडाम रहेको, दुवै आखाँ सुनीएको, घाटीमा १ इन्च लामो गहिरो प्वाल परेको घाउ, कुहिनाको भित्री भागमा ३.५ इन्च लामो टाउको घाउ रहेको , लिङ्गबाट तरल पर्दाथ र मुलदारबाट मल निस्कीएको भन्ने समेत व्यहोराको लासजाँच मुचुल्का ।
- . बरुण थापाको मृत्युको कारण injury to the head and injuries to the entire body, भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोर्ट ।
- २०७५।८।१ गते राती मैले सञ्चालन गरेको महेन्द्रपुलको वियर बारमा साथी रामसिङ्ग गुरुङ्गले आयोजना गरेको पार्टीमा भोज खाई निस्केको हो । पोखरा लेकसाइडमा राती १० बजे बरुण थापाले जथाभावी गाली गर्न थाले पछि दिपक थापाले हेलमेटलले हानी ढाली छोडेको हो, मैले एक दुई पटक लात्ता अनि मुक्काले हानेको हो भन्ने समेत व्यहोराको संजय गुरुङ्गले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।
- बरुण थापालाई संजय गुरुङ्ग, दिपक थापा समेतले हेलमेटले हानी मारेको हुदाँ कर्तव्य ज्यान मुद्दामा सजाय गरी पाउँ भन्ने समेत व्यहोरामा मृतक बरुण थापाको आमा मैया थापा र बिनोद भण्डारीले गरेको बस्तुस्थिती मुचुल्काको कागज ।
- किटानी जाहेरी,संजय गुरुङ्गको साविती कागज ,मौकामा बुझिएका मैया थापा, बिनोद भण्डारीको कागज पोष्टमार्टम रिपोट समेतको आधारमा संजय गुरुङ्ग र दिपक थापालाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- कास्की जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत पोखरामा प्रस्तुत गरेको पुनरावेदन पत्र